**संघीय संसद**

**संसदीय सुनुवाई समितिको**

# सूचना

नेपालको रिक्त **प्रधान न्यायाधीश**को पदमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री **दीपकराज जोशीको** नियुक्तिका लागि संवैधानिक परिषद्बाट सिफारिस भई मिति २०७५/०३/२४ गते यस समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त पदमा उहाँलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार सहित मिति २०७५ साउन ६ गते कार्यालय समय भित्र यस समितिसमक्ष निम्न माध्यमहरु मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन र सम्पर्क माध्यम स्पष्टरुपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै सतहत्तरै जिल्लाका सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुले यस सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरुमा टाँस्ने व्यवस्था गरिदिनुहुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७५ साउन ६ गते कार्यालय समय भित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुन समेत अनुरोध छ ।

**सूचना दिने ठेगाना:**

संसदीय सुनुवाई समिति,
संघीय संसद सचिवालय, सिंहदरवार ।
फोन नं./ फ्याक्स: ०१-४२००२७७
ईमेल: *parl_hearing@parliament.gov.np*